# चौतारा साँगाचोकगढी नगरपालिकाको
# "स्वरोजगार तथा उद्यम प्रवर्धन कार्यक्रम कार्यविधि, २०७७"

**प्रस्तावना :**

कृषि, पशुपन्छीजन्य तथा लघुउद्यम क्षेत्रको व्यावसाय प्रवर्धन गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न, श्रमजीवी नागरिकहरुलाई नगरभित्र रोजगारीका अवशरहरु सिर्जना गर्न, विदेशबाट फर्किएका युवाहरुको विदेशमा आर्जन गरेको सिप र व्यावसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई स्वरोजगार बनाउन, महिला उद्यमशिल क्षमताको विकास गर्न दलित समुदायको परम्परागत सिप र पेशालाई आधुनिकिकरण एवं प्रवर्धन गरी उद्यमशिलता विकास गर्न, आर्थिक रुपमा विपन्न, सिमान्तकृत समुदाय तथा लक्षित वर्गका समुदायलाई उद्यमी तथा व्यावसायी बनाउन, आत्मनिर्भर अर्थतन्त्रको विकास गरि संवृद्ध नगर र सुखि नगरबासीको आकांक्षा पुरा गर्न, चौतारा साँगाचोकगढी नगरपालिका भित्र स्थायी बसोबास गरि उद्यम व्यावसाय गर्ने व्यक्ति तथा समुहलाई ब्याजमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने गरि स्वरोजगार तथा उद्यम प्रवर्धन कार्यक्रमको लागि समेत ब्याजमा सहुलियतपूर्ण कर्जा उपलव्ध गराउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा 'थ' कार्यान्वयन गर्नको लागि यो कार्यविधि बनाई लागु गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "स्वरोजगार तथा उद्यम प्रवर्धन कार्यक्रम कार्यविधि २०७७," रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकले स्विकृत गरेपछि लागु हुनेछ ।

२ **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(१) "स्वरोजगार तथा उद्यम प्रवर्धन कार्यक्रम कार्यविधि २०७७," भन्नालेः स्वारोजगारीको लागि चौतारा साँगाचोकगढी नगरपालिकाबाट सञ्चालन हुने उद्यम कार्यक्रम सम्झनु पर्दछ ।

(२) स्थानीय तह भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकालाई सम्झनु पर्दछ ।

(३ स्वरोजगार तथा उद्यम विकास घुम्ती कोष" भन्नालेः चौतारा साँगाचोकगढी नगरपालिका भित्रका नागरिकहरुलाई स्वरोजगार बनाउन उद्यम प्रवर्धन कार्यक्रमका लागि चौतारा साँगाचोकगढी नगरपालिकाद्धारा स्थापित कोष सम्झनु पर्दछ ।

(४) विषेश प्राथमिकताको समुह वा व्यक्ति भन्नालेः द्धन्द पिडित, जोखिममा परेका, अपांगता भएका, सीमान्तकृत,, लोपोन्मुख, र अल्पसंख्यकलाई सम्झनु पर्दछ ।

(५) उद्यमी भन्नालेः उद्यम सञ्चालन गर्न चाहने व्यक्ति सम्भनु पर्दछ ।

(६) उद्यमी समुह भन्नालेः चौतारा साँगाचोकगढी नगरपालिका भित्र स्थायी बसोवास गर्ने १८ वर्ष देखि ५५ वर्ष सम्मका नागरिकहरुद्धारा गठित उद्यम सञ्चालन गर्ने समुहलाई सम्भनु पर्दछ ।

(७) साभ्केदार सस्था भन्नालेः स्वरोजगारीका लागि उद्यम प्रवर्धन कार्यक्रमका लागि प्राविधिक सेवा र सहयोग उपलव्ध गराई साभ्केदारीमा काम गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थालाई सम्भनु पर्दछ ।

(८) वित्तिय सस्था भन्नाले आर्थिक कारोबार गर्ने बैङ्क तथा सहकारीलाई सम्भनु पर्दछ ।

## परिच्छेद -२

## उद्देश्य

**३. स्वरोजगार तथा उद्यम प्रर्वधन कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ ।**

(१) उद्यम शिलता मार्फत रोजगारी सिर्जना गर्ने ,

(२) नगरवासीमा श्रमप्रति सकारात्मक सोचको विकास गर्ने,

(३) विदेशबाट फर्किएका युवाहरुको विदेशमा आर्जन गरेको ज्ञान, सिप,क्षमतालाई सदुपयोग गर्ने,

(४) उद्यमशिलता मार्फत बेरोजगारीको अन्त्य गरी सम्वृद्ध नगरपालिका निर्माण गर्ने,

**४. उद्यमका क्षेत्रः (१)व्यावसायिक रुपमा उद्यम गर्न सकिने क्षेत्रहरु देहाय बमोजिम हुने छन्**

क) कृषि,पशुपंक्षिपालन तथा उत्पादनमा आधारित उद्यम व्यावसाय,

ख) बन (जडिवुटी, बन पैदावर) मा आधारित उद्यम व्यावसाय,

ग) विज्ञान तथा सुचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यावसाय,

घ) पर्यटन प्रर्वधन (होटल, होमस्टे, रिसोट) मा आधारित उद्यम व्यावसाय,

ङ) सिपमा आधारित उद्यम व्यावसाय,

च) उद्यमी वा उद्यमी समुहले अवस्यकता महशुस गरि छनौट गरिने अन्य व्यावसाय,

**(२) उपदफा (१) मा उल्लेखित बाहेकका रोजगारीमा आधारीत उद्यमका अन्य क्षेत्रहरु,**

५. **उद्यमी तथा उद्यमी समुह छनौटका न्युनतम आधारहरु :** (१)दफा ४ मा उल्लेखित उद्यमका क्षेत्रहरु मध्ये कुनै एक क्षेत्रमा कार्य गर्न इच्छुक उद्यमीलाई उद्यम सञ्चालन गर्नका लागि देहाय आधारमा छनौट गर्नु पर्ने छ ।

क) व्यावसाय दर्ता गरि नियमअनुसार नविकरण भएको,

ख) तोके बमोजिमको ढाँचामा निवेदन र व्यावसायिक कार्ययोजना संलग्न रहेको ,

(२) उद्यमी वा उद्यमी समुहले प्रस्ताव गरेको व्यावसायिक प्रस्तावना मुल्यांकनका आधारहरुः

| क्र.स | मुल्यांकनका आधारहरु | अंक (बढिमा) |
|---|---|---|
| १ | प्रस्तावित उद्यमको व्यावसायिक कार्ययोजना | ३० |
| २ | स्थानीय स्रोतमा आधारित | १५ |
| ३ | समावेशी सहभागिता | १५ |
| ४ | थप रोजगारीको श्रृजना गर्ने | १५ |
| ५ | तालिम अर्थात सिपयुक्त जनशक्ति | १५ |
| ६ | बजारको सुनिश्चिचता | १० |

## परिच्छेद -३

## उद्यमी छनौट र सम्झौता

६. नगरपालिकाले स्वरोजगार तथा उद्यम प्रवर्धन कार्यक्रम सञ्चालन गर्दा नगरपालिका भित्रका उद्यमीलाई सहभागी गराउनु पर्ने छ ।

(१) **उद्यमी छनौट :** नगरपालिकाले स्वरोजगार तथा उद्यम प्रवर्धन कार्यक्रम सञ्चालनका लागि उद्यमी छनौट गर्ने कम्तीमा ७ दिनको सार्वजनिक सुचना प्रकाशित गर्नुपर्ने छ । उक्त सूचना यस नगरपालिकाको वेवसाइट,सूचनापाटी,स्थानीय सञ्चार माध्यमबाट सुचना प्रकाशित गरि नगरपालिकाको सबै वडामा जानकारी गराईने छ ।

(२) उपदफा (१) बमोजिम सुचना प्रकाशित भएपछि १८ देखि ५५ वर्ष उमेर समुह भित्रका उद्यमी ( व्यक्ति वा समुह) ले उद्यम सञ्चालन गर्न चाहेमा वडाको सिफारिस सहित सुचानामा तोकिएको मितिमा नगरपालिकाको कार्यलयमा तोकिएको निवेदन र कार्ययोजनाको ढाँचा सहितको प्रस्ताव पेश गर्नुपर्ने छ ।

(३) **उद्यमी छनौट समिति :** उद्यमी (व्यक्ति वा समुह) बाट प्राप्त भएका निवेदन वा कार्ययोजना मुल्यांकन गरि छनौट गर्न निम्न अनुसारको छनौट समिति रहने छ ।

| | |
|---|---|
| नगर प्रमुख | **- संयोजक** |
| उपप्रमुख | **- सदस्य** |
| प्रमुख प्रशासकीय अधिकृत | **- सदस्य** |
| आर्थिक विकास समिति संयोजक | **- सदस्य** |
| योजना शाखा प्रमुख | **- सदस्य सचिव** |

**द्रष्टव्य :** उद्यमी छनौट समितिले उद्यमी छनौट गर्दा वित्तिय कारोबार गर्न छनौट भएको वित्तय संस्थालाई आमन्त्रण गर्न सकिने छ ।

(४) उद्यमी छनौट समितिको बैठक सम्बन्धि कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम गरिने छ ।

**७. सम्झौताः** (१)नगरपालिकाको छनौट समितिबाट छनौट गरी वित्तिय सेवा प्रदायक संस्थामा सिफारीस गर्ने छ । साथै उद्यमी र वित्तिय सेवा प्रदायक संस्था बिच द्विपक्षिय सम्झौता गरिने छ ।

(२) सम्झौता गर्दा उद्यमीको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र कर्जा  रकम हिनामिना भएमा जिम्मेवारी वहन गर्ने कबुलियतनामा पत्र संलग्न हुनु पर्ने छ ।

(३) सम्झौताको प्रथम पक्ष नगरपालिका र दोस्रो पक्ष वित्तिय कारोवार गर्न छनौट भएका वित्तिय सेवा प्रदायक सस्था बिच संझौता हुनेछ । साथै नगरपालिका र वित्तिय सेवा प्रदायक सस्था बिच भएको संझौताको आधारमा वित्तिय सेवा प्रदायक सस्था र उद्यमी वा उद्यमी समुह बिच  द्विपक्षिय सम्झौता गरिने छ ।

(४) नगरपालिकाद्वारा छनौट गरि सिफारिस गरिएका उद्यमी वा उद्यमी समुह र वित्तिय कारोवार गर्न छनौट भएको वित्तिय सेवा प्रदायक संस्थाबीच नगरपालिका र वित्तिय सेवा प्रदायक सस्था बिच भएको संझौताको उल्लेखित शर्तहरुको अधिनमा रहि गर्नुपर्ने छ ।

(५) सम्झौताको चार प्रति हुनेछ । एक प्रति नगरपालिकाको कार्यलय, एक प्रति उद्यम संञ्चालन भएको वडा कार्यलय, एक प्रति स्वयं उद्यमी वा उद्यमी समुह र एक प्रति वित्तिय कारोवार गर्न छनौट भएको वित्तिय सेवा प्रदायक संस्थासँग हुने छ   ।

(६) उद्यमी वा उद्यमी समुहले लिएको ऋणको २ प्रतशित ब्याज सम्बन्धीत उद्यमी वा उद्यमी समुहले चुक्ता गर्नु पर्ने छ  र बाँकी ब्याज चुक्ता गर्ने जिम्मवारी  नगरपालिकाको हुने छ । ब्याज र साँवाको किस्ता बुजाउने समयाबधी  वित्तिय संस्थाले तोके बमोजिम हुनेछ ।

(७) कर्जाको लागि उद्यमी तथा व्यवसायी तयार गर्न आवश्यक तालिम तथा परामेर्श कार्य नगरपालिकाले सञ्चालन गर्नेछ । आवश्यकता अनुसार तेस्रो तटष्थ पक्षको सहयोग लिन सक्ने छ ।

८) सहुलियपुर्ण कर्जाका लागि परियोजनाको विमा गर्नु पर्नेछ ।

९) सहुलियतपुर्ण कर्जा कार्यक्रम संचालन गर्नको लागि नगरपालिकाले सहुलियत पुर्ण कर्जा कार्यक्रम संचालन गर्ने बैंकमा एक मुद्दती खाता खोलिने छ । उक्त खाता संचालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

## परिच्छेद -४

## कोष तथा लेखा परिक्षण

**८. बजेट :**

(१) उद्यम सञ्चालन सम्बन्धि व्यावसायिक कार्ययोजना प्रस्ताव नगरपालिकाको कार्यलयबाट स्विकृत भएपछि सम्बन्धित वडा कार्यलयको सिफारिसमा उद्यमी वा उद्यमी समुहको अध्यक्ष र एक जना सदस्यको संयुक्त खाता वा व्यक्तिकोहकमा वक्तिगत खाताबाट छनौट भएको बैंक वा वित्तिय संस्थामा खाता खोलिने छ ।

(२) नगरपालिकाको कार्यालयले व्यावसायिक कार्ययोजना अनुसार उद्यमी (व्यक्ति) को लागि रु ५,००,००० (पाँच लाख) सम्म र उद्यमी समुहको लागि रु १०,००,००० (दश लाख) सम्म उद्यम सञ्चालनको लागि कार्ययोजनामा उल्लेख गरेको आवस्यक पर्ने प्रविधि व्यवस्थापनको लागि सहुलियत पूर्ण कर्जा उपलव्ध गराउने छ ।

(३) उद्यमी वा उद्यमी समुहले कर्जा फिर्ता गर्दा वित्तिय संस्थाको नियम अनुसार हुनेछ ।

(४) उद्यमी वा उद्यमी समुहले प्राप्त ऋण व्यावसायको व्यावसायिक कार्ययोजना अनुरुप पाँच वर्ष भित्र नगरपालिकाको स्वरोजगार तथा उद्यम प्रवर्धन घुम्ती कोषको खातामा कर्जा फिर्ता गरिसक्नु पर्ने छ । ऋण भुक्तानी कहिले गर्ने भन्ने व्यहोरा कर्जा सम्झौतामा उल्लेख भए बमोजिम हुने छ ।

(५) दफा ८ को उपदफा (१), (२), (३) र (४) मा जे कुरा लेखिएता पनि एकै प्रकृतिको व्यवसायलाई संघिय सरकार,प्रदेश सरकार, नगरपालिका वा अन्य निकायबाट अनुदान प्राप्त गरि सकेको व्यक्ति वा समुहको व्यवसायीलाई सोहि आर्थिक वर्षको कार्यक्रममा समाबेश गरिने छैन ।

**९. स्वरोजगार तथा उद्यम प्रवर्धन घुम्ती कोष :**

(१) स्वरोजगार तथा उद्यम प्रवर्धन घुम्ती कोषका लागि नगरपालिकामा एक छुट्टै बैंक खाता रहने छ । यस कोषमा नगरपालिकाले यस कार्यक्रमका लागि छुट्याएको रकम, उद्यमीले कर्जा फिर्ता गरेको रकम तथा सहयोगी सरकारी तथा गैर सरकारी संघ संस्था,निकायले स्वरोजगार तथा उद्यम प्रवर्धनका लागि उपलब्ध गराएको रकम जम्मा हुने छ ।

(२) नगरपालिकाले उद्यमी तथा उद्यमी समुहबाट फिर्ता भएको रकम स्वरोजगार तथा उद्यम प्रवर्धन कार्यक्रम घुम्ती कोष मार्फत नयाँ उद्यमी वा नयाँ उद्यमी समुहमा लगानी विस्तार गर्दै लैजाने छ ।

(३) उद्यमी वा उद्यमी समुहबाट तोकिएको समयमा कर्जा रकम फिर्ता नगरेमा र बैक बाट असुलिको लागि तरताकेता भइ आएमा व्यक्ति वा समुहलाई कालोसुचिमा राखि नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधाबाट बन्चीत गर्न सकिने छ ।

(४) सुरक्षण वापत धितो रोक्का मात्र गरिने छ ।

**१०. लेखापरिक्षण :** (१)उद्यमी वा उद्यमी समुहद्धारा सञ्चालित उद्यमको लेखा प्रणाली प्रचलित ढाँचामा राख्नु पर्ने छ ।

(२) उद्यमको आर्थिक कारोबारको लेखापरिक्षण सम्बन्धी व्यक्ति वा समुहले गर्नु पर्नेछ ।

## परिच्छेद -५
## सरोकारवाला निकायको भुमिका

### ११. नगरपालिका कार्यलयको भुमिकाः

(१) आफ्नो क्षेत्रका उद्यमीले सञ्चालन गरेको उद्यमको सफलता पूर्वक सञ्चालनका लागि वित्तिय संस्था छनौट गर्न, व्यक्ति वा उद्यमी समुह छनौट गर्न,रकम निकासाका लागि सहयोग गर्न, स्थानीय स्रोत साधनको उपलव्धतामा सहजिकरण,अनुगमन,निरिक्षण, पृष्ठपोषणका लागि सहयोग गर्नुका साथै नगरपालिकालाई उद्यमको विषयमा जानकारी उपलब्ध गराउने छ ।

(२) **थपघट वा हेरफेर तथा बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने :** चौतारा साँगाचोकगढी नगरपालिकाले यस कार्यविधिको कार्यन्वयनमा आइपर्ने बाधा अडकाउ फुकाउन वा कुनै द्धिविधालाई स्पष्ट गर्न आवश्यक निर्णय गर्न सक्ने छ ।

### १२. वडा कार्यलयको भुमिका :

(१) आफ्नो क्षेत्रका उद्यमीले सञ्चालन गरेको उद्यमको सफलता पूर्वक सञ्चालनका लागि व्यक्ति वा उद्यमी समुह छनौट,रकम निकासाका लागि सहयोग, स्थानीय स्रोत साधनको उपलव्धतामा सहजिकरण,अनुगमन,निरिक्षण,पृष्ठपोषणका लागि नगरपालिकालाई सहयोग गर्नुका साथ उद्यमको विषयमा जानकारी उपलब्ध गराउने छ ।

(२) स्थानीयलाई व्यावसायिक सिप प्रदान र स्वरोजगार गराउन नगरपालिकालाई अवस्यक तथ्यांक र अन्य अवस्यक विवरण उपलब्ध गराउने ।

## परिच्छेद -६
## अनुगमन तथा मुल्यांकन

**१३. अनुगमन तथा मुल्यांकन :**

(१) नगरपालिका, वडा कार्यलय र वित्तिय कारोवार गर्न छनौट भएको वित्तिय सेवा प्रदायक संस्थाबाट अनुगमन निरिक्षण तथा मुल्यांकन गरिने छ ।

(२) नगरपालिकाले कार्यक्रमको प्रभावकारीता हेर्न तेस्रो पक्षबाट अनुगमन मुल्यांकन गराउन सक्नेछ ।

## परिच्छेद -७
## प्रतिवेदन

**१४. प्रतिवेदन :**

(१) उद्यमी वा उद्यमी समुहले वित्तिय सेवा प्रदायक संस्थासँग भएको सम्झौताको एक महिना भित्र प्रारम्भिक प्रतिवेदन नगरपालिकाको कार्यलयमा पेश गर्नुपर्ने छ । त्यसपछि अनुसुची ३ बमोजिमको ढाँचामा चौमासिक रुपमा महिनाको ५ गते भित्र वित्तिय तथा भौतिक प्रगति पेश गर्नुपर्ने छ ।

## परिच्छेद -८
## पुरस्कार तथा दण्ड सजाय

**१५. पुरस्कारः** उद्यमी तथा उद्यमी समुहलाई प्रभावकारी र नतिजामुखी बनाउन निम्न सुचकका आधारमा उच्चतम अंक हाँसिल गर्ने उद्यमी समुहलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिने छ ।

क) अधिकतम रोजगारी सृजना गर्ने,

ख) स्थानीय स्रोत र साधानको अधिकतम प्रयोग गर्ने,

ग) निर्यात वृद्धि र आयात प्रतिस्थापनमा योगदान पुर्‍याउने,

घ) उत्पादन गरिएका सामग्रीको गुणस्तर कायम गर्ने,

ङ) उद्यम विकासले स्थानीय समुदाय र क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

च) उद्यमीले सम्बन्धित निकायमा पेश गर्ने प्रगति प्रतिवेदन तथा सुचना सम्प्रेशण,

छ) परिवारको आयमा भएको सुधार,

ज) कार्य योजना अनुसार कार्य सम्पादन गरेको आदि ।

**१६. दण्ड सजायः** उद्यमी वा उद्यमी समुहले सम्झौता भइसकेपछि सम्झौता अनुसार गुणस्तरिय कार्य सम्पन्न नगरेमा तथा दिइएको बजेट हिनामिना गरेमा उक्त समुह तथा व्यक्तिबाट क्षतिपूर्ति समेत भराई प्रचलित कानुन बमोजिम आवस्यक कारबाही गरिनेछ ।

## परिच्छेद -९

## विविध

१७. **कार्यविधि संसोधन गर्न सक्ने :** नगरपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्ने छ ।

१८. **बाधा अड्काउ फुकाउने :** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरेमा नगरकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्ने छ ।

## अनुसूची - १

**(दफा ६ को उपदफा २ सँग सम्बन्धित)**

**उद्यम छनौटको लागि दिइने निवेदनको ढाँचा**

मिति : ........................

**श्री प्रमुख प्रशासकिय प्रमुख ज्यू,**
**चौतारा साँगाचोकगढी नगरपालिका,**
**चौतारा, सिन्धुपाल्चोक ।**

**विषय : व्यावसायिक उद्यम सञ्चालनका लागि निवेदन पेश सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा म/हामी वडा नं. ...... मा बसोबास गरिरहेका तपशिलको व्यक्ति वा समुह चौतारा साँगाचोकगढी नगरपालिको वडा नं ............ मा ............................. ( व्यावसायिक उद्यमको नाम) उद्यम सञ्चालन गर्न चाहेको हुनाले यस नगरपालिकाको कार्यालयबाट सुचाना प्रकाशन भए अनुसारको प्रविधि व्यवस्थापनको लागि “स्वरोजगार तथा उद्यम प्रवर्धन कार्यक्रम कार्यविधि २०७७,” बमोजिम उपलब्ध गराइने सहयोग पाँउ भनी कार्यविधिले निर्धारित गरेको शर्तहरुमा मन्जुर गरी तपसिल अनुसारको विवरण सहितको आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेका छौं / छु ।

**संस्थागत विवरण**

१. उद्यम तथा व्यवसायको नाम : ...................................

२. उद्यम, व्यवसायको ठेगानाः सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी नगरपालिका वडा नं .... स्थानः ...........................

३. समूह/उद्यमको दर्ता नं : ..........

४. दर्ता भएको जिल्ला : ........

५. दर्ता मिति : ....................

६. नवीकरण मिति : ...................

७. स्थायी लेखा नम्बर (एबल) भए: ..................

८. सम्पर्क व्यक्तिको नामः ....................पदः .........ठेगानाः .............सम्पर्क नम्बरः .................... समूह भएमा अध्यक्षको नाम ................ समूह/उद्यमको छाप ...........

९. निवेदक उद्यमी समूहका भएमा सदस्यहरुको विवरण : ..

| क्र.सं | नाम थर | पद | उमेर | शैक्षिक योग्यता | स्थायी ठेगाना | संपर्क फोन नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |

**अनुसूची -२**

**(दफा ६ को उपदफा २ सँग सम्बन्धित)**

**व्यवसायिक कार्ययोजनाको ढाँचा**

## निवेदन साथ तल उल्लेख गरिएका विवरण सहितको ढाँचामा प्राविधिक प्रस्ताव पेश गर्नु पर्नेछ ।

१. उद्यमको नामः ........................... व्यावसायिक उद्यमको क्षेत्रः ..................दर्ता नंः ........, दर्ता भएको कार्यालयः .......................................

२. उद्यम सञ्चालन गर्ने ठेगानाः जिल्ला सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नपालिका वडा नं. ......... स्थान ......................

३. यो उद्यम सञ्चालन गर्नाका मुख्य मुख्य उद्देश्यहरु के के हुन ?

४. तपाईहरुले यो उद्यम नै किन रोज्नुभएको हो ?

५. यो उद्यम यहाँको वडामा किन आवश्यक छ ?

६. उद्यमको कार्यान्वयनका लागि तपाईको संस्थाका अनुभवहरु के के छन् ?

७. यो उद्यमका लागि योजना तर्जुमा गर्दा क-कसको सहभागीता रह्यो ? लक्षित समुदाय ( विशेष गरी महिला, विपन्न समुदायका सदस्यहरुलाई लघु उद्यमीका रुपमा विकास गर्नका लागि उद्यमीको विचार के थियो ?

८. यो उद्यम सञ्चालन गर्नका लागि के कस्ता दक्ष जनशक्ति आवश्यक पर्दछन्, त्यसको व्यवस्था कसरी गरिएको छ ?

९. यस उद्यमलाई आवश्यक पर्ने कच्चा पदार्थ के के हुन ? कसरी व्यवस्था गरिन्छ ?

१०. यो उद्यम सञ्चालन गर्नका लागि आवश्यक पर्ने मेसिनरी सामान के कस्ता आवश्यक पर्दछन् र ब्यवस्था कसरी गरिन्छ ?

११. यो उद्यम सञ्चालन गर्नका लागि आवश्यक पर्ने इन्धन, उर्जा के कस्ता हुन सक्छन् र ब्यवस्था कसरी गरिन्छ ?

१२. यो उद्यम सञ्चालन गर्नका लागि के कस्तो खालको परामर्श आवश्यक पर्ने सोचिएको छ र त्यस्को ब्यवस्था कसरी गरिन्छ ?

१३. यो उद्यम सञ्चालन गर्दा वातावरणलाई के कस्तो असर पर्दछ ? त्यसलाई ब्यवस्था कसरी गरिन्छ ? १४.यो उद्यम सञ्चालन गर्दा प्रत्यक्ष र अप्रत्यक्ष के कति थप रोजगारी सृजना गर्दछ ?

१५. यो उद्यम सञ्चालन गर्ने स्थान, घर, फर्निचर आदिको व्यवस्थापन कसरी गरिएको छ ?

१६. यो उद्यम सञ्चालन गर्न कुल लागत के कति लाग्छ ? वित्तिय ब्यवस्था कसरी गरिन्छ ?

१७. यो समुहमा उद्यम सञ्चालन गर्नाका लागि नगगरपालिकावाट प्रत्येक उद्यमी वा उद्यमी समुहले प्राप्त गरेको रकम एक वर्ष सम्म पूर्ण रुपमा परिचालन गर्न पाउने छ। एक वर्ष पुरा भएको पहिलो चौमासिक ३० प्रतिशत सावाँ रकम दोस्रो चौमासिक ३० प्रतिशत सावाँ रकम अन्तीम चौमासिक ४० प्रतिशत सावाँ रकम कुल ऋण स्वरोजगार तथा उद्यम प्रवर्धन घुम्ती कोषमा फिर्ता गर्नु पर्ने छ । रकम फिर्ता गर्ने ब्यवस्थाको सुनिश्चिचता कसरी गरिएको छ ?

१८. यो उद्यम सञ्चालनमा आउन सक्ने जोखिमहरु के कस्ता देख्नुभएको छ ? ती जोखिमलाई कसरी हल गर्ने सोच्नुभएको छ।

१९. उद्यमीहरु विशेष गरी अशिक्षित महिला, विपन्न समुदायका हुने भएकाले उद्यमशीलता र प्राविधिक सीपको विकास कसरी सुनिश्चित गर्नुहुन्छ।

२०. उद्यमका उपलब्धी (output) र परिणाम (Outcomes) लाई कसरी दिगो बनाउन सकिन्छ ? २१. उद्यमका गतिविधि, प्रगतीको अनुगमन तथा मूल्याङ्कन र सुपरीवेक्षण कसरी गर्नुहुन्छ ?

२२. उद्यमका गतिविधिहरुको उपलब्धी र परिणामहरुको अभिलेख कसरी राख्नुहुन्छ ? उद्यमी समूह र उद्यमीको तहमा प्रगती र सिकाइहरुको अभिलेख कसरी राख्नुहुन्छ ?

२३. नियमित कार्यसम्पादन प्रतिवेदन कसरी तयार गर्नु हुन्छ ?

२४. यो उद्यम सञ्चालनमा  उद्यमी समूहका अभिभावकहरुको ऋणमा कबुलतिनामा वस्नु पर्ने भएकाले त्यसको सुनिश्चिचता कसरी गरिएको छ ?

## २५. निवेदक  समूहका सदस्यहरुको विवरण :

| क्र. सं. | नाम थर | लिङ्ग | उमेर | शैक्षिक योग्यता | पहिले कुनै व्यवसाय गरेको छ छैन ? | काम गरेको भए कति समय ? | उद्यमसंग सम्बन्धित कुनै तालिम लिएको छ छैन ? | तालिम भए कुन तालिम ? कति अवधिको र कुन संस्थाबाट ? |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |

चौतारा साँगाचोकगढी नगरपालिकाद्धारा “स्वरोजगार तथा उद्यम प्रवर्धन कार्यक्रम कार्यविधि २०७७,” वमोजिम व्यावसायिक उद्यम सञ्चालन गर्न मञ्जुर  छु / छौ । आवेदन दिने उद्यमी **समूहका सदस्यहरुको हस्ताक्षर :**

१.  नाम ................................... ठेगाना ..................................... हस्ताक्षर ................

२.  नाम ................................... ठेगाना ..................................... हस्ताक्षर ................

३.  नाम ................................... ठेगाना ..................................... हस्ताक्षर ..........

४.  नाम ................................... ठेगाना ..................................... हस्ताक्षर ........

५.  नाम ................................... ठेगाना ..................................... हस्ताक्षर ...........

**मितिः ....................................**

**अनुसूची - ३**
**(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)**
**प्रगति प्रतिवेदनको ढाँचा**

१) स्थानीय तहको नाम :चौतारा साँगाचोकगढी नगरपालिका वडा नं.

२) उद्यमी वा उद्यमी समूहको नाम :

३) कार्यक्रमको परिचय :

४) कार्यक्रमको उद्देश्य :

५) उद्यम व्यवसाय संचालनको विधि/प्रक्रिया :

६) उद्यममा सम्लग्नहरुको विवरण (जातिगत, लिङग गत) :

| क्र.सं. | क्रियाकलाप | लक्ष्य | दलित | जनजाती | व्राम्हण क्षेत्री | अन्य | संख्यात्मक विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | महिला | पूरुष | जम्मा | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |

७) उद्यम संचालन स्थान :

८) उद्यम संचालन शुरु भएको मिति :

९) उद्यम संचालन अवधि :

१०) हालसम्म उद्यमले गरेको मुख्य कार्य प्रगति :-

११) उद्यम संचालन गर्दा आइपरेका समस्याहरु................................................

१२) ती समस्याहरु समाधानका लागि गरिएका प्रयासहरु ...................................

१३) यस वर्ष अनुगमन गरेको पटक :

**१४) अनुगमनवाट प्राप्त मुख्य मुख्य सुझावहरु र कार्यान्वयनका लागि गरिएका प्रयासहरु :**

क) मुख्य सुझावहरु ..............................................................................

ख) कार्यान्वयनका लागि गरिएका प्रयासहरु.....................................................

ग) स्थानीय तहबाट गर्नुपर्ने केही भए ...........................................................

१५) प्राप्त उपलव्धीहरु ...................................................................

१६) निष्कर्षः ...............................................................................

१७) सुझावः ...............................................................................

**१८) अनुसूचीहरु :**

क) उद्यमी  समूहको वैठकको निर्णय उतार प्रति

ख) कार्यक्रम वारे सरोकारवालाहरुलाई जानकारी गराएको कागज/प्रमाणका प्रतिलिपिहरु

ग) कार्यक्रम शुरु भएको जानकारी पत्र (विभिन्न निकायलाई लेखिएको पत्रका प्रतिलिपिहरु)

घ) कार्यक्रम अनुगमन तथा निरीक्षणको सिलसिलामा लेखेको मन्तव्यको प्रति

ङ) कार्यक्रमसँग सम्वन्धित फोटो र प्रतिवेदनको विद्युतिय प्रति

च) संचालित कार्यक्रमसँग सम्वन्धित हाजिरी विवरण, भरपाई विवरण आदिको प्रति र अन्य केही भए उल्लेख गर्ने ।

छ) अन्तिम प्रतिवेदनको एक प्रति विद्युतिय प्रति समेत उपलव्ध गराउने ।